# बाल हेल्पलाइन संचालन कार्यविधि, २०६४

प्रस्तावना : बाल अधिकारको संरक्षण गरी उनीहरुको मानसिक, शारीरिक तथा सामाजिक विकासको निमित्त अनकूल वातावरण सुनिश्चित गर्नु राज्यको दायित्व भएकाले सरकारी र अन्य सरोकारवालासागको सहकार्य र समन्वयमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपत्कालीन उद्धार, राहत र मनोविमर्श सेवा प्राप्त गर्नको लागि बाल हेल्पलाइन सञ्चालन गर्न आवश्यक देखिएकाले नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल हेल्पलाइन संचालन कार्यविधि, २०६४ जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "बाल हेल्पलाइन संचालन कार्यविधि, २०६४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका कुनै बालबालिका सम्झनु पर्छ :–

(१) सडक बालबालिका,
(२) जोखिमपूर्ण श्रममा परेका बालबालिका,
(३) हराएका तथा वेवारिसे बालबालिका,
(४) ऋृण बन्धित तथा जवरजस्ती श्रमबाट पीडित बालबालिका,
(५) शारीरिक तथा मानसिक यातना, भेदभाव, श्रमशोषण जस्ता दुर्व्यवहार पीडित बालबालिका,
(६) जोखिमपूर्ण विरामी, दुर्घटना तथा प्रकोपमा परेका बालबालिका,
(७) कारागार वा हिरासतमा परेका अभिभावकका बालबालिका वा बालविजाइामा संलग्न बालबालिका,
(८) कठिन परिस्थितिमा रहेका बालबालिका,
(९) यौनशोषण, यौन दूर्व्यवहार, बेचबिखन र ओसारपसारमा परेका वा पर्न सक्ने बालबालिका,

MOWCSW

(१०) आफूमाथि आइपरेको कुनै पनि समस्या समाधानको लागि आवश्यक मनोविमर्श लिन चाहने बालबालिकाहरु,

(११) हिंसा तथा द्वन्द प्रभावित बालबालिका, र

(१२) हेपाइमा परेका बालबालिका ।

(ख) “मन्त्रालय” भन्नाले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

(ग) “संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना र संचालनमा रहेको संस्था सम्झनु पर्छ ।

(घ) “कोष” भन्नाले दफा १५ बमोजिमको कोष सम्झनु पर्छ ।

(ङ) “सम्बन्धित निकाय” भन्नाले स्थानीय प्रशासन, बालकल्याण समिति, नेपाल प्रहरीको प्रहरी महिला सेल, सरकारी वकील, संचार माध्यमहरु, संस्था, अस्पताल, कानूनी सहायता तथा मानव अधिकारसाग सम्वन्धित संस्था, विद्यालय र समूदाय सम्झनु पर्छ ।

## परिच्छेद–२
## उद्देश्य

३ बाल हेल्पलाइन संचालनको उद्देश्यः बाल हेल्पलाइन संचालन गर्नुको उद्देश्य देहायको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुनेछ :–

(क) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपत्कालीन उद्धार, राहत र मनोविमर्श सेवा प्रदान गर्न,

(ख) सम्बन्धित निकय, उपभोक्ता समूह, जन समूदाय, नागरिक समाज जस्ता सरोकारवालाको सहयोग र समन्वयमा बाल अधिकार विरुद्ध हुने सबै प्रकारका शोषण, दूर्व्यवहार, यातना जस्ता अपराधको रोकथामका लागि बाल अधिकार पर्यवेक्षण, अनुगमन र सामाजिक चेतनाको अभिवृद्धि गर्ने, चेतनामूलक कार्यक्रमहरु संचालन गर्न मद्दत पुऱ्याउने,

(ग) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको सूचना र जानकारी संकलन गरी अभिलेख राख्ने यस्ता बालबालिकालाई आवश्यकता अनुसार सहयोग उपलब्ध गराई सामाजिक र पारिवारिक पुनः एकीकरणमा सघाउ पुऱ्याउने,

MoWCSW

(घ) समूदायको जिम्मेवारीमा हुने बाल संरक्षण तथा पुनःएकीकरण कार्यलाई संस्थागत गर्न सक्रिय योगदान गर्ने,

(ङ) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको हक हित र सामाजिक न्यायका लागि सम्वन्धित सरकारी निकाय, संस्था र नागरिक समाजका बीच समन्वय र सहयोगको विकास गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(च) बालबालिकालाई नियोजित तरीकाले जोखिमपूर्ण अवस्थामा पुऱ्याउन जिम्मेवार व्यक्ति वा समूहका विरुद्ध कानूनी कारबाही गर्न क्रियाशील हुनु पर्ने,

(छ) बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि क्रियाशील संस्था एवं व्यक्तिका माझ उपलब्ध सूचना–जानकारी प्रवाह गर्ने, र

(ज) बाल हेल्पलाइनमा बढीभन्दा बढी बालबालिकाको पहुाच सुनिश्चित गर्ने। संस्था, नागरिक समाज, विद्यालय, बालक्लवहरुको बालअधिकार संरक्षणमा सहयोग अभिवृद्धि गर्न समन्वय र परिचालन गर्ने ।

४ बाल हेल्पलाइनको सिद्धान्त : बाल हेल्पलाइन देहायका सिद्धान्तमा आाधारित भएर सञ्चालन हुनेछ :–

(क) बालबालिकाको सर्वोत्तम हित,
(ख) व्यक्तिगत गोपनियताको हक,
(ग) बालमैत्री व्यवहार र बालसहभागिताको अधिकार,
(घ) सरोकारवालाको पारस्परिक सहभागिता र समन्वय,
(ङ) बाल अधिकारको अन्तर्राष्ट्रिय मान्यता अनकूल व्यवहार, र
(च) बालबालिकाको सामाजिक तथा पारिवारिक पुनः एकीकरण ।

५. बाल हेल्पलाइन प्रयोग गर्ने अधिकार : जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका स्वयं र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका वारे सूचना–जानकारी दिई सहयोग दिन चाहने सबैको बालहेल्पलाइन प्रयोग गर्ने अधिकार रहनेछ । बाल हेल्पलाइनको फोन १०९८ मा फोन गर्दा कुनैपनि प्रकारको शुल्क लाग्ने छैन ।

MoWCSW

## परिच्छेद –४

## बाल हेल्पलाइन संचालनका लागि मापदण्ड

६ बाल हेल्पलाइन संचालनको मापदण्ड : (१) बाल हेल्पलाइन संचालन गर्न चाहने संस्था बाल अधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा कम्तीमा ५ वर्षदेखि कार्यरत भै देहायका भौतिक पूर्वाधार भएको हुनुपर्नेछ :–

(क) चौवीसै घण्टा बालहेल्पलाइन नं. १०९८ (दस नौ आठ) बालमैत्री वातावरणमा संचालन गर्न सक्ने दक्ष जनशक्ति भएको र सहकार्यका निकाय, बाल अधिकारकर्मी, संचार माध्यमहरु तथा व्यवसायिक निकायसागको समन्वय र सहकार्यमा बालहेल्पलाइन नं.१०९८ को पहुाच बालबालिका र सरोकारवाला समक्ष पुऱ्याउन सक्ने पूर्वाधार भएको ।

(ख) बालबालिकाको आपतकालीन उद्धारका लागि एम्वुलेन्स वा सवारी साधन भएको वा सोको प्रवन्ध गर्न सक्ने,

(ग) उद्धार गरिएका बालबालिका सामाजिक वा पारिवारिक पुनः एकीकरण नभएसमम राख्न मन्त्रालयले तोकेको न्यूनतम मापदण्ड अनुसारको आवासीय सुविधा गृह भएको,

(घ) उद्धार गरिएका बालबालिकाको आवश्यकता अनुसार प्राथमिक उपचार, मनोविमर्श सेवा आदि प्रदान गर्न सक्ने दक्ष जनशक्तिको व्यवस्था भएको वा सोको सञ्जाल भएको, र

(ङ) बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि सम्बन्धित निकायहरु र सरोकारवालाहरुलाई प्रशिक्षण–तालीम दिन सक्ने, यस विषयका पाठ्य सामग्री उत्पादन एवं वितरण गर्न सक्ने ।

(२) यस दफा बमोजिम बालहेल्पलाइन संचालन गर्न चाहने संस्थासाग उद्धार गरिएका बालबालिकाको संरक्षण र सामाजिक पुनःस्थापना गर्न सक्ने संस्थागत क्षमता भएको प्रष्ट देखिनु पर्नेछ । सहकार्यका निकाय, बालअधिकारको क्षेत्रमा कार्यरत संस्था, समूदाय जस्ता सरोकारवालासागको समन्वय र सहकार्यमा बालबालिकाको संरक्षण, पारिवारिक पुनः एकीकरण र पुनः स्थापना गर्नु पर्नेछ ।

MoWCSW

(३) मन्त्रालय र मन्त्रालयले तोकिदिएको सरकारी निकायको प्रत्यक्ष सम्पर्कमा रही बाल हेल्पलाइन गतिविधि, तथ्यांक र सूचनाहरु अनुसूचीको ढाचामा सम्बन्धित निकायमा छिटो छरितो एवं व्यवस्थित ढंगले उपलब्ध गराउनु पर्नेछ ।

७ जानकारी र कार्यान्वयन: (१) बाल हेल्पलाइनले फोन नं. १०९८ मा प्राप्त हुने जानकारी, स्थलगत अनुगमन र अन्य श्रोतबाट प्राप्त सूचना–जानकारीको आधारमा आफ्नोृ सेवा प्रदान गर्नेछ । बाल हेल्पलाइनले आफूलाई प्राप्त सूचना–जानकारीको श्रोत सूचनाकर्ताको इच्छानुसार गोप्य राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सूचना–जानकारीको गंभीरता र विश्वसनियताको एकीन गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाइने छ ।

८ स्थलगत भ्रमण र उद्धार : (१) दफा ७ बमोजिम बाल हेल्पलाइनले जोखिमपूर्ण अवस्थामा रहेका भनिएको बालबालिकाको रहे बसेको स्थलगत भ्रमण गरी जोखिमपूर्ण अवस्थामा रहेको बालबालिको उद्धार गरी बाल हेल्पलाइनको आवास सुविधामा ल्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवास सुविधामा राखिएका बालवालिकाको बाल हेल्पलाइनले सम्बन्धित निकायको सहकार्य र समन्वयमा आवश्यकता अनुसार प्राथमिक उपचार, अन्य उपचार र मनोविमर्श सेवा उपलव्ध गराउनु पर्नेछ । उपचारको क्रममा उक्त बालबालिका सामाजिकीकरण वा पारिवारिक पुनःस्थापना वा बालगृहमा पठाउनु पर्ने हो वा कानूनी सेवा, शैक्षिक सहायता वा सामूदायिक मध्यस्थता आवश्यक पर्ने नपर्ने हो, यकिन गरी कार्यान्वयन गरिनेछ ।

९ परिवारमा पठाइने : बाल हेल्पलाइनले हराएर फेला परेका बालबालिका सम्बन्धित निकायको सहयोग र समन्वयमा अभिभावकको खोजी गरी जिम्ममा लगाउने छ । बाल अधिकार हनन भएका कारण उद्धार गरिएको भए सामाजिक मध्यस्थताको माध्यमबाट बालवालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी विवादको किनारा लगाएर परिवारमा पठाइनेछ । मनोविमर्श तथा पारिवारिक परामर्श पश्चात परिवारमा पठाउन उपयुक्त ठानिएका बालबालिका अभिभावकको जिम्ममा लगाइने छ ।

१० बालकल्याण गृहमा पठाइने : बाल हेल्पलाइनले पारिवारिक पुनः एकीकरण हुन नसक्ने ठहऱ्याएका बालबालिका सामाजिकीकरण र पुनः स्थापनाका लागि सम्बन्धित निकायको सहकार्य र समन्वयमा विभिन्न बालकल्याण गृहमा स्थानान्तरण गर्नेछ ।



MoWCSW

## परिच्छेद–३
## निर्देशन समिति र कोष सम्बन्धी व्यवस्था

११. बाल हेल्पलाइन राष्ट्रिय निर्देशन समितिको गठन : यस कार्यविधि बमोजिम नेपाल राज्यमा बाल हेल्पलाइनको संचालन गर्न केन्द्रीय बालकल्याण समितिमा सचिवालय रहने गरी राष्ट्रियस्तरमा एक निर्देशन समिति रहनेछ। देहायका निकायका प्रतिनिधिहरु सो समितिमा सदस्य रहनेछन् :–

(क) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – संयोजक
(ख) गृह मन्त्रालय
(ग) शिक्षा मन्त्रालय
(घ) स्वास्थ्य मन्त्रालय
(ङ) स्थानीय विकास मन्त्रालय
(च) नेपाल दूरसंचार प्राधिकरण
(छ) नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा केन्द्र
(ज) केन्द्रिय बालकल्याण समिति
(झ) बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रियस्तरका संस्थाहरु मध्येबाट दुई जना,
(ञ) बालबालिकाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु मध्येबाट दुई जना,
(ट) यूनिसेफ
(ठ) बाल हेल्पलाइन संजालमा कार्यरत संस्था मध्येबाट दुई जना,
(ड) बालबालिकाको राष्ट्रिय मञ्चबाट एक जना।

१२. बाल हेल्पलाइन राष्ट्रिय निर्देशन समितिको काम, कर्तव्य र अधिकार: राष्ट्रिय निर्देशन समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ :–

(क) बाल हेल्पलाइन सम्वन्धी राष्ट्रिय नीतिको तर्जुमा गर्न सहयोग गर्ने,
(ख) बाल हेल्पलाइन संचालनको अनुमति प्रदान गर्न सिफारिश गर्ने,
(ग) यो कार्यविधि र समितिको निर्देशानुसार बाल हेल्पलाइन संचालन भए नभएको निरीक्षण र अनुगमन गर्ने,
(घ) बाल हेल्पलाइनको कोषको व्यवस्थापन र संचालन गर्ने,
(ङ) सम्बन्धित निकाय र बाल अधिकार सरोकारवाला बीच समन्वय गर्ने।

MOWCSW

(च) यो कार्यविधि अनुसार बालहेल्पलाइन संचालन गर्न नसक्ने उपर कारवाही गरी योग्यता पुगेको संस्थाको चयन गरी बालहेल्पलाइन सञ्चालनको व्यवस्था गर्ने ।

१३. बालहेल्पलाइन जिल्ला सल्लाहकार समन्य समितिः प्रत्येक जिल्लामा हेल्प लाइन संचालनमा समन्वय र सहयोग गर्न एक जिल्ला समन्वय समितिको गठन हुनेछ । समितिमा देहायका सदस्यहरु रहनेछन् ,–

(क) प्रमुख, जिल्ला बालकल्याण समिति /प्रमुख जिल्ला अधिकारी
(ख) जिल्ला प्रशासन कार्यालय
(ग) जिल्ला विकास समिति,
(घ) जिल्ला प्रहरी कार्यालय,
(ङ) जिल्ला जनस्वास्थ्य कार्यालय,
(च) जिल्ला शिक्षा कार्यालय,
(छ) नेपाल वार एशोसियसन, जिल्ला बार एकाई,
(ज) नेपाल टेलिकम जिल्ला शाखा,
(झ) निजी र सामूदायिक विद्यालयका शिक्षक संगठनहरु समेत समेटिने गरी दुई जना,
(ञ) हेल्पलाइन स्थापना हुने ठाउाको स्थानीय निकाय (गाविस, नपा/उनपा/मनपा ),
(ट) बाल क्लव/बाल समूह/बाल अधिकार मञ्च,
(ठ) जिल्लास्थित बालबालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाबाट एक/एकजना र
(ड) नेपाल पत्रकार महासंघ, जिल्ला शाखा ।

१४. जिल्ला सल्लाहकार समितिको जिम्मेवारी :जिल्ला समन्वय समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछ,–

(क) जिल्ला भित्रका हेल्पलाइन संचालनमा समन्वय र सहयोग गर्ने,
(ख) बालहेल्पलाइन सञ्चालन गर्ने संस्थालाई सुझावहरु तथा आवश्यक सहयोग गर्ने,
(ग) बालहेल्पलाइन सञ्चालन गर्ने संस्थाहरुको अनुगमन गरी प्रतिवेदन तयार गर्ने ।
(घ) बाल हेल्पलाइन सञ्चालन कोषका लागि स्थानीय तथा वाह्य श्रोत जुटाउने ।

MoWCSW

१५. <u>बाल हेल्पलाइन कोष</u> : (१) बाल हेल्पलाइनको संचालन र बालअधिकारको संरक्षण र सम्वर्द्धन गर्न बाल हेल्पलाइन संचालन भएका प्रत्येक जिल्लामा एक बाल हेल्पलाइन कोष रहनेछ ।

(२) बाल हेल्पलाइन कोषमा स्थानीय निकाय र अन्य श्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(३) बाल हेल्पलाइन कोषको रकम जिल्ला समन्वय समितिको निर्णयले यस कार्यविधि बमोजिम बालबालिकाको उद्धार, राहत, पुनः स्थापना र उपचार जस्ता प्रयोजनमा खर्च गरिने छ ।

(४) बाल हेल्पलाइन कोषको आय–व्ययको लेखापरीक्षण मान्यताप्राप्त लेखापरीक्षकबाट गराइ विवरण दुरुस्त राख्ने जिम्मा कोष संचालकको हुनेछ । कोषमा रकम दिने दाता र सरोकारवाला समेत सबैले जानकारी पाउने गरी लेखापरीक्षकको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

(५) बाल हेल्पलाइन कोषको संचालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–४
## <u>विविध</u>

१५. <u>सम्बन्धित निकायको कर्तव्य हुने</u> : यस कार्यविधि अनुसार जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा पुनःस्थापनामा सहयोग गर्नु सम्बन्धित निकायको कर्तव्य हुने छ ।

MoWCSW